पाँच

# सशक्तीकरणका लागि साइकल : मधेशमा "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" कार्यक्रम

**कुसुमलता तिवारी**

## परिचय

लामो एकल केन्द्रीकृत शासन प्रणालीबाट मुक्त हुन नेपालमा चरण-चरणमा राजनीतिक संघर्ष भए । वि.सं. २०४६ को जनआन्दोलनले बहुदलीय व्यवस्थाको पुनःस्थापना गरेसँगै नेपालको सामाजिक सांस्कृतिक विविधतालाई राज्यले स्वीकार गऱ्यो । त्यसै गरी, २०४६ सालपछि भएका विभिन्न सामाजिक, सांस्कृतिक र राजनीतिक आन्दोलनले राज्यको पुनःसंरचनालाई केन्द्रीय मुद्दा बनाइदियो । वि.सं. २०६२/६३ सालको दोस्रो जनआन्दोलन र २०६३/६४ सालमा भएको मधेश आन्दोलनले संघीयता मार्फत राज्यको पुनःसंरचना र शक्ति विकेन्द्रीकरणलाई सुनिश्चित गऱ्यो (खरेल सन् २०२२) ।

अनेकौँ राजनीतिक रस्साकस्सी र उतारचढावबीच असोज ३, २०७२ मा नयाँ संविधान जारी भएसँगै नेपालमा सात प्रदेश सहितको संघीयताको अभ्यास शुरू गरियो । नेपाली समाजमा संघीयताको आवश्यकता, आधार र कार्यान्वयनका सवालमा गहिरा मत विभाजन थिए/छन् (हेर्नुहोस्, खरेल सन् २०२२) । यसैले नवगठित सातै प्रदेश सरकारलाई संघीयताको महसुस हुने गरी काम गर्नुपर्ने चुनौती थियो । त्यसमा पनि मधेश प्रदेशले के-कस्ता कार्यक्रम ल्याउँछ भन्नेमा आम चासो देखिन्थ्यो । संघीयताको पक्षमा मधेशले निर्णायक आन्दोलनको नेतृत्व गरेको र मधेशी पहिचानलाई प्रतिनिधित्व गर्ने एक मात्र प्रदेश भएकोले पनि मधेश प्रदेशप्रति यस्तो चासो बढेको हो । नेपाली राज्यले "केन्द्रीकृत" संरचना अँगालेको र "एकल" पहिचानलाई महत्त्व दिएका कारण प्रशासनिक सूचकांक एवं मानव विकास सूचकांकमा मधेश प्रदेश दशकौँदेखि पछाडि पर्दैआएको छ । यो अवस्थामा

सुधार ल्याउन नवगठित मधेश सरकारले संरचनात्मक सुधारका लागि नीतिगत प्रयत्न थाल्यो । साथै, उसले ऐन-कानूनको निर्माण, सामाजिक सेवा र शैक्षिक सुधारका क्षेत्रमा केही महत्त्वाकांक्षी परियोजनालाई उच्च प्राथमिकतामा राख्यो (महतो र अरू सन् २०२१) ।

संघीयताको अभ्यास थालनी हुँदै गर्दा मधेश प्रदेशका अगाडि चुनौतीका चाङ थिए । संरचनात्मक—आर्थिक, सामाजिक, शैक्षिक एवं लैंगिक—असमानता मधेश प्रदेशको टड्कारो समस्या हो । संघीयताको कार्यान्वयनसँगै संरचनात्मक असमानता न्यून पार्दै सामाजिक रूपान्तरणका कार्यक्रम ल्याउनु मधेश प्रदेशका लागि अनिवार्य थियो । यही सामाजिक रूपान्तरणको तीव्र इच्छाले जन्माएको कार्यक्रम हो—"मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" (यसपछि "बेपबेब") अभियान कार्यक्रम । मधेश प्रदेश स्थापना लगत्तै आर्थिक वर्ष (आ.व.) २०७४/७५ को बजेट वक्तव्य मार्फत बेपबेब कार्यक्रम घोषणा गरियो । छोरीलाई विद्यालय पठाई उनीहरूको वैयक्तिक विकासका अतिरिक्त सशक्तीकरण गर्दै छोरा र छोरी बीचको सामाजिक विभेद अन्त्य गर्ने यो कार्यक्रमको उद्देश्य थियो (मधेश प्रदेश सरकार २०७६) । यसका लागि बेपबेब मार्फत छात्राहरूलाई निःशुल्क साइकल वितरण, शिक्षा बिमा/मुद्दति बचत कार्यक्रम र लैंगिक हिंसा विरुद्धका कार्यक्रमहरू अगाडि सारियो । यीमध्ये छात्राहरूलाई "निःशुल्क साइकल वितरण" कार्यक्रम बेपबेबको महत्त्वपूर्ण एवं चर्चित पक्ष हो ।

बेपबेबको छात्राहरूलाई निःशुल्क साइकल वितरण अभियानलाई यसका सरोकारवाला—छात्रा, अभिभावक, प्रधानाध्यापक/शिक्षक, शिक्षा अधिकारी र स्थानीय जनता, आदि—ले कसरी बुझ्छन् र व्याख्या गर्छन् भन्ने प्रश्न वरिपरि यो लेख केन्द्रित छ । यसका लागि साइकल वितरण अभियान लागु गरिएको रौतहट, गौरस्थित जुद्ध माध्यमिक विद्यालय (स्था. १९९६ साल) छानिएको थियो । अध्ययनको क्रममा ४० जना साइकल अभियानबाट लाभान्वित छात्रा, उनीहरूका अभिभावक र सो विद्यालयका प्रअ/शिक्षकसँग औपचारिक/अनौपचारिक कुराकानी गरिएको थियो । साथै, अध्ययनका क्रममा बेपबेब कार्यक्रमसँग सम्बन्धित उच्च तहका अधिकारी—प्रमुख निर्देशक र जिल्लास्थित कार्यक्रम संयोजक, आदि—सँग समेत छलफल गरिएको थियो । अध्ययनको सिलसिलामा विद्यालयको दैनिक कक्षा तालिकालाई पनि ध्यान दिइएको थियो । विद्यालयमा प्रार्थना शुरू हुनु अगावै र विद्यालय छुट्टी भएपछि साइकल अभियानबारे छात्राहरूसँग मैले कुराकानी गरेकी थिएँ । साथै, कार्यक्रमबाट वञ्चित छात्रा र अभिभावकसँग समेत निःशुल्क साइकल वितरणबारे छलफल गरेकी थिएँ । यी छलफल चैत २०७८ देखि पुस २०७९ सम्म गरिएको

हो । साथै, बेपबेब कार्यक्रमबारे सरकारी, गैरसरकारी तहबाट प्रकाशित/अप्रकाशित दस्तावेज र सञ्चार माध्यममा आएका सामग्री पनि अध्ययन गरेकी थिएँ ।[१]

निःशुल्क साइकल वितरण अभियानले मधेशका किशोरीहरूको सामाजिक गतिशीलता र स्वतन्त्रता वृद्धि गर्दै उनीहरूको शैक्षिक निरन्तरता र सशक्तीकरणमा उल्लेखनीय भूमिका खेलेको छ भन्ने तर्क यो लेखले गर्छ । यो लेखका केही सीमा छन् । पहिलो, साइकल खरिदमा भ्रष्टाचार/अनियमितता भएको भन्दै साउन २०७८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (यसपछि अख्तियार) मा उजुरी परेको थियो (कान्तिपुर २०७८; सेतोपाटी २०७९) । यस्तो उजुरी परेपछि अख्तियारको टोलीले असोज १३, २०७८ मा मुख्यमन्त्री कार्यालयमा छापा मारेको थियो (महतो २०७८; देव २०७८) । साउन २०७८ पछि साइकलमा खरिदमा भएको भ्रष्टाचार/अनियमितताको विषयलाई लिएर छापा तथा आमसञ्चार माध्यममा व्यापक चर्चा-परिचर्चा भइरहेको छ । यो मुद्दा हाल (माघ दोस्रो हप्ता २०७९) अदालतमा विचाराधीन भएकाले यो पक्षबारे यस लेखमा चर्चा गरिएको छैन ।[२] दोस्रो, साइकल वितरण अभियान बाहेक यो बेपबेबमा शिक्षा बिमा/मुद्दती बचत कार्यक्रम, लैंगिक हिंसा विरुद्धका कार्यक्रम र छोरीहरूलाई विद्यालय भर्ना गर्न प्रोत्साहन गर्नेका लागि विभिन्न जनचेतना मूलक कार्यक्रम समेत रहेका छन् । यी कार्यक्रम पनि यो अनुसन्धानको दायराभभित्र पर्दैन । यी कार्यक्रमका महत्ता/प्रभावकारिताको स्तरबारे छुट्टै अनुसन्धान गर्न आवश्यक छ । र, तेस्रो साइकल वितरण कार्यक्रमलाई लिएर यो मूलतः रौतहट, गौरस्थित एक विद्यालयमा अध्ययनरत छात्राहरूमा गुणात्मक विधि अपनाएर गरिएको अध्ययन हो; त्यसैले यस लेखमा गरिएका तर्क यही कार्यक्रम लागु भएका अन्य विद्यालय/ स्थानमा उसै गरी लागु नभएका पनि हुन सक्छन् ।

परिचय र निष्कर्ष बाहेक यो लेखलाई पाँच खण्डमा विभाजन गरिएको छ । मधेश प्रदेशको आर्थिक-सामाजिक अवस्थाको छोटकरी विवरण सहित मधेशमा बेपबेब कार्यक्रमको औचित्यबारे लेखको पहिलो खण्डमा व्याख्या गरिएको छ । बेपबेब कार्यक्रम के हो र यसको उद्देश्य के हो भन्ने विषय लेखको दोस्रो खण्डमा संक्षेपमा वर्णन गरिएको छ । लेखको तेस्रो खण्डमा यो कार्यक्रम अन्तर्गतको एक महत्त्वपूर्ण अवयवका रूपमा

[१] सामाजिक अनुसन्धानका प्रचलित मान्यतालाई ध्यान दिएर यो अध्ययन गरिएको छ । अध्ययन उद्देश्य अवगत गराएर मात्र सहभागीसँग सहमतिमै नेपाली र बज्जीका भाषामा कुराकानी गरिएको थियो । अध्ययनको विविधताको लागि मुख्यतः दुई पक्षबाट उत्तरदाताहरू समेट्ने प्रयत्न गरियो । पहिलो, उत्तरदाताहरूको जातीय पहिचान; र दोस्रो, विद्यालय र छात्राको घर बीचको भौगोलिक दुरी ।

[२] साइकल खरिदमा भएको अनियमितता पत्रपत्रिकामा प्रशस्तै समाचार प्रकाशित भएका छन् (हेर्नुहोस्, कान्तिपुर २०७८; महतो २०७८; रमण २०७८; देव २०७८; सेतोपाटी २०७९, आदि) ।

रहेको "निःशुल्क साइकल वितरण अभियान" लाई यसका सरोकारवालाले कसरी बुझेका छन् भन्ने केलाइएको छ । त्यसै गरी, साइकल वितरण अभियानले छात्राहरूमा जगाएको आत्मविश्वास, आत्मनिर्भरता र स्वतन्त्रतालाई लेखको चौथो खण्डमा विश्लेषण गरिएको छ । लेखको पाँचौँ खण्डमा साइकल वितरण कार्यक्रमका चुनौतीबारे संक्षेपमा छलफल गरिएको छ । र, अन्तमा छोटो निष्कर्ष छ ।

## मधेश प्रदेशको आर्थिक-सामाजिक अवस्था र बेपबेबको औचित्य

नेपालका सात प्रदेशमध्ये मधेश प्रदेश जनसंख्याका हिसाबले सबैभन्दा अगाडि छ । सन् २०२१ को जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार मधेश प्रदेशको जनसंख्या ६१,२६,२८८ रहेको छ । अर्थात् देशको कुल जनसंख्याको करिब २१ प्रतिशत नागरिक मधेश प्रदेशमा बस्छन् (केतवि २०७८) । मानव विकास सूचकांकमा भने यो प्रदेश ०.५१ अंक सहित सबैभन्दा पिँधमा छ । त्यसै गरी, अर्थतन्त्र र साक्षरता दरमा पनि यो प्रदेश तुलनात्मक रूपले पछाडि छ । साथै, यहाँ लैंगिक असमानता पनि उच्च छ । लैंगिक असमानता सूचकांक (जीआईआई) मा मधेश प्रदेश कर्णाली र सुदूरपश्चिम प्रदेशपछि ०.५०३ अंक सहित तेस्रो स्थानमा छ । मधेश प्रदेशको साक्षरता दर राष्ट्रिय औसत साक्षरता दरभन्दा कम छ । यहाँको महिला साक्षरता दर ३८.८८ प्रतिशत र पुरुषको ६०.०९ प्रतिशत छ (एनपीसी र युनएनडीपी सन् २०२०) । त्यस्तै, बालबालिकाहरूले बीचमै विद्यालय छोड्ने प्रवृत्ति पनि मधेशमा उच्च छ (नेपाल सरकार २०७७) ।

मधेश प्रदेशमा छात्राहरूले बीचमा नै विद्यालय छोड्ने एउटा प्रमुख कारण बाल विवाहलाई मानिएको छ । बाल विवाहको कारण कम उमेरमै गर्भवती हुनाले उनीहरू आफ्नो पढाइलाई निरन्तरता दिन सक्दैनन् । यो प्रदेशको बाल विवाह दर ५२.५ प्रतिशत छ, जुन नेपालकै सबैभन्दा उच्च हो । यसमध्ये आधा किशोरीहरूको विवाह १८ वर्ष नपुग्दै हुने गरेको छ (सीबीएस सन् २०२०) । धेरैजसो अभिभावक आफ्ना छोरीहरूको विवाह सकेसम्म किशोरावस्थामै गरिदिन चाहन्छन् । अभिभावकहरू आफ्नो छोरी कुनै केटासँग भागेर विवाह गर्लान् र परिवारको इज्जत संकटमा पर्ला कि भन्ने डर सधैँभरि पालेर बसेका देखिन्छन् । र, अहिले पनि केही अभिभावकहरूको "छोरी भनेकै विवाह भएर अर्काको घरमा जाने जात हो" भन्ने सोचाइ छ ।[३] यसै कारण उनीहरू छोरी किशोरावस्थामा पुग्नासाथ राम्रो वरको खोजीमा लाग्छन् जसले गर्दा आफ्ना छोरी भागी विवाह गरेर जाने परिस्थितिबाट बच्न सकिने उनीहरू ठान्छन् ।

[३] अनुसन्धानका क्रममा केही उत्तरदाताले यस्तो विचार व्यक्त गरेका थिए । उनीहरूका अनुसार छोरी विवाह गरेर अर्काका घरमा जाने भएकाले छोरीमा लगानी गर्न उनीहरू चाहँदैनन् ।

साथै, पछिल्लो तथ्यांक अनुसार आम गरिबीका हिसाबले मधेश प्रदेश कर्णाली र सुदूरपश्चिम पछि तेस्रो स्थानमा रहेको छ। मधेश प्रदेशका २४.२ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन् (एनपीसी सन् २०२१)।[४] छात्राको शैक्षिक विकासका लागि मधेशमा बाल विवाहसँगै गरिबी र दाइजो प्रथा पनि जिम्मेवार छ। अभिभावकहरू कम दाइजोमा छोरीसँग विवाह गर्न मन्जुर हुने केटा पाइए त्यो अवसर छोड्न चाहँदैनन्। अर्थात्, छोरीको शिक्षा र दाइजो दुवैमा खर्च गरी परिवारमा किन आर्थिक भार थप्ने भन्ने सोचाइ उनीहरूको देखिन्छ। त्यसैले, छोरीको सकेसम्म छिटो विवाह गरिदिन पाए थप आर्थिक भार बोक्नबाट पनि मुक्ति पाइन्थ्यो भन्ने अभिभावकहरू ठान्छन्। कानूनतः नेपालमा केटीको विवाह गर्ने उमेर २० वर्ष हो। त्यसैले, २० वर्षभन्दा कम उमेरमा विवाह गर्दा आइलाग्ने सम्भावित कानूनी झमेलाबाट बच्न कतिपयले आफ्ना छोरीलाई सीमा पारी (भारत) का केटासँग विवाह गराउने गरेको समेत देखिन्छ।

बहुआयामिक क्लष्टर सर्वेक्षण (मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे), सन् २०२० का अनुसार मधेश प्रदेशको विद्यालयमा कुल उपस्थिति र विद्यालय उत्तीर्ण गर्ने दर राष्ट्रिय औसतभन्दा कम छ। निम्न आधारभूत तहमा कुल उपस्थितिको राष्ट्रिय औसत ७४.५ प्रतिशत हुँदा मधेश प्रदेशको ५७.३ प्रतिशत मात्र छ। त्यसै गरी, मावि तहमा कुल उपस्थितिको राष्ट्रिय औसत ४७.७ प्रतिशत छ भने मधेश प्रदेशको ३३.८ प्रतिशत छ (सीबीएस सन् २०२०)। यी समग्र तथ्यांकले शिक्षामा छात्राको उपस्थिति मधेश प्रदेशमा निकै कमजोर रहेको देखाउँछ।[५] त्यसै गरी, महिलामाथि हुने घरेलु हिंसा मधेश प्रदेशमा ज्यादा देखिन्छ। खास गरेर विवाह गरेर आउने महिलाले माइतीबाट कम दाइजो ल्याएको निहुँमा यहाँ अत्यधिक घरेलु हिंसा हुने गर्दछ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान विभागको सन् २०१९/२० को प्रतिवेदन अनुसार पनि घरेलु हिंसा मधेश प्रदेशमा सबैभन्दा उच्च रहेको देखाएको छ। उक्त वर्ष मधेश प्रदेशमा ३,५२९ ओटा घरेलु हिंसाका घटना भएका थिए। साथै, मधेशमा किशोरी/महिलाको जीवन र भविष्यको निर्णय प्रायः बुबा अथवा श्रीमान्‌को हातमा रहने गर्दछ। किशोरीहरूको शिक्षामा कम पहुँच, कमजोर आर्थिक, सामाजिक र राजनीतिक अवस्थाले गर्दा उनीहरूको "एजेन्सी" कमजोर छ।[६]

[४] गरिबीको रेखामुनि रहेको जनसंख्या कर्णाली प्रदेशमा ३९.५ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा २५.३ प्रतिशत छन् (एनपीसी सन् २०२१)।

[५] शिक्षामा सचेत मानिएका मधेशका अभिभावकको समेत माध्यमिक शिक्षा परीक्षा (एसईई) सम्म पढाएर या १२ कक्षा पूरा गरेपछि छोरीको विवाह गरिदिनुपर्छ भन्ने सोच रहेको पाइयो।

[६] "एजेन्सी" निर्माणमा शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्ने मानवशास्त्री लौरा आहर्नको अध्ययनले पुष्टि गरेको छ। उनका अनुसार शिक्षाले मान्छेलाई पढ्न र लेख्न मात्र सिकाउँदैन बरु

यी समग्र सामाजिक सांस्कृतिक पक्षलाई ध्यान दिएर मधेश प्रदेशले “मुख्यमन्त्री बेटी बचाउ बेटी पढाउ” कार्यक्रम ल्याएको हो । यो कार्यक्रमले मधेश प्रदेशमा बाल विवाह र महिला हिंसा न्यूनीकरण गर्न, विद्यालय छोड्ने दर घटाउन र शिक्षामा किशोरीको पहुँच वृद्धि गरी सशक्तीकरण गर्ने उद्देश्य राखेको देखिन्छ ।[७]

## बेपबेब कार्यक्रम

माथि नै भनियो, बेपबेब संघीयता अभ्यासको शुरूआत भएपछि मधेश प्रदेश सरकारले लागु गरेको एक महत्त्वाकांक्षी कार्यक्रम हो । यो कार्यक्रमका लागि ऐन, निर्देशिका र नियमावलीहरू तर्जुमा गर्ने, प्रणाली निर्धारण गर्ने र मानवीय संसाधनको व्यवस्थापन गर्ने कार्य सन् २०१८ मा पूरा गरियो । तत्पश्चात् सन् २०१९ मा प्रदेशका आठ जिल्लामा यो कार्यक्रम शुरू गरियो । सारमा, बेपबेब छात्राहरूमा केन्द्रित विस्तृत परियोजना हो, जस अन्तर्गत शिक्षा बिमा/मुद्दती बचत कार्यक्रम, लैंगिक हिंसा विरुद्ध कार्यक्रम, साइकल वितरण अभियान, जनचेतनामूलक अभियान कार्यक्रम, अभिभावकत्व ग्रहण कार्यक्रम, सशर्त अनुदान कार्यक्रम, दिवा खाजा कार्यक्रम, सचेतना कार्यक्रम, क्षमता विकास कार्यक्रमहरू समेटिएका थिए (मधेश प्रदेश सरकार २०७६) । यसलाई “गर्भदेखि घाट सम्मको कार्यक्रम” पनि भनिएको छ ।[८]

बेपबेब कार्यक्रमको अवधारणा सन् २०१५ देखि भारतको हरियाणामा लागु गरिएको “बेटी बचाओ बेटी पढाओ” कार्यक्रमबाट प्रभावित देखिन्छ । उक्त कार्यक्रम पनि लैंगिक असमानता न्यूनीकरण गर्ने र छात्राहरूको सामाजिक सुरक्षा वृद्धि गर्ने उद्देश्यले लागु गरिएको

---

यसले मान्छेको दृष्टिकोण, आत्मपहिचान, चिन्तन र व्यवहारमा परिवर्तन ल्याउन समेत सहयोग गर्छ (आहर्न सन् २०१४) । शिक्षाबाट वञ्चितीकरणको अर्थ “एजेन्सी” निर्माणमा पहुँच नहुनु हो ।

[७] मधेश प्रदेशमा झैँ कर्णाली प्रदेशले पनि सन् २०१९ बाट यस्तै खालको कार्यक्रम “बैंक खाता छोरीको, सुरक्षा जीवन भरिको” शुरूआत गरेको छ । यो कार्यक्रम अनुसार सन् २०१९ पछि जन्मिएका र कार्यक्रममा अभिलेखीकरण भएका बालिकाहरूको नाममा रकम बैंकमा जम्मा गरिन्छ । र, बालिका २० वर्ष पुगेपछि र १२ कक्षा उत्तीर्ण भई अविवाहित रहेको खण्डमा उनले उक्त कार्यक्रमबाट कम्तीमा दुई लाख रुपियाँ प्राप्त गर्दछिन् । कार्यक्रमको उद्देश्य समुदायमा छोरीको महत्त्व छोरा सरह हो भन्ने धारणा वृद्धि गर्नु, छोरी प्रतिको विभेद अन्त्य गर्नु र छोरीलाई आर्थिक सुरक्षा प्रदान गर्नु हो (स्यामुअल र घिमिरे सन् २०२१) ।

[८] मार्टिन चौतारीले पुस १–२, २०७९ मा जनकपुरमा आयोजना गरेको “अधिकारकर्मीहरूको अनुसन्धान क्षमता अभिवृद्धि कार्यक्रम : अनुसन्धान प्रस्तुति कार्यशाला” मा यो अनुसन्धान-पत्रमाथि टिप्पणी गर्ने क्रममा मधेश प्रदेशका निवर्तमान मुख्य न्यायाधिवक्ता दीपेन्द्र झाले बेपबेबलाई “गर्भदेखि घाट सम्मको कार्यक्रम” भनी व्याख्या गरेका थिए ।

थियो । अझ खास गरी कन्याको भ्रूण हत्या उन्मुलन गर्ने र शिक्षाका माध्यमबाट महिला सशक्तीकरण गर्ने उद्देश्यबाट थालनी गरिएको थियो, ताकि परिवारमा छोरा सरह छोरीको जन्मलाई पनि "उत्सव ठानून्" र पूर्ण जिम्मेवारी सहित छोरीलाई पढाऊन् । यो कार्यक्रम अन्तर्गत भारतमा छात्राहरूको शिक्षा र विवाहको खर्च पूर्ति गर्न "सुकन्या समृद्धि योजना" लागु गरिएको थियो । भारतमा यो कार्यक्रम शुरूमा बालिका जन्मदर घट्दो अवस्थामा रहेका १०० जिल्लामा लागु गरिएको थियो (हेर्नुहोस्, अग्निहोत्री र मालीपाटिल सन् २०१८) । मधेश प्रदेशको बेपबेब कार्यक्रमका मुख्य निर्देशक प्रियंका यादवका अनुसार भारतबाट उक्त कार्यक्रमको अवधारणा लिनुको कारण उत्तर भारतसँग मधेश प्रदेशको सामाजिक-सांस्कृतिकका साथ-साथै लैंगिक विभेद पनि धैरै हदसम्म समान हुनु हो । यद्यपि, यादवका अनुसार नेपालमा बेपबेब कार्यक्रमको मूल ध्येय भारतमा भन्दा केही फरक छ । उदाहरणका लागि भारतमा "बेटी बचाउ" धैरै जोड दिइएको छ भने यहाँ छात्रा शिक्षामा बढी ध्यान दिइएको छ । यो कार्यक्रमले एक पटक छात्रा शिक्षित भइन् भने उनी आर्थिक हिसाबले आत्मनिर्भर हुनसक्छिन् र विभेदकारी सामाजिक अभ्यास र हिंसाको प्रतिरोध गरी आफूलाई बचाउन सक्छिन् भन्ने विश्वास राखेको छ ।

यद्यपि, यो कार्यक्रममा सामेल गरिएका केही कार्यक्रमहरू भारतमा झैँ "बचाउने" अवधारणासँग मेल खान्छ । उदाहरणका लागि शिक्षा बिमा/मुद्दती बचत योजना यस्तै एक कार्यक्रम हो । यो योजना अनुसार प्रदेशभित्र स्थायी बसोबास भएका दम्पतीबाट जन्मिने नवजात छोरीहरूको लागि प्रदेश सरकारले बिमा कम्पनी, बैंक वा वित्तीय संस्थाहरूसँग समन्वय र साझेदारी गरी शिक्षा बिमा/मुद्दती बचत कार्यक्रम लागु गर्नेछ । यो बचत रकम छात्राले विद्यालय तह उत्तीर्ण गरेपछि त्यति बेलासम्म उनी अविवाहित रहेको अवस्थामा पाउनेछिन् । यो योजनाले एकतिर प्रत्यक्ष छात्राको शिक्षालाई जोड दिएको छ भने अर्कातिर बाल विवाह रोकथामको पनि प्रयास गरेको छ । सारमा, बेपबेब मधेश प्रदेशमा महिलाको शिक्षा, सुरक्षा र जीवनस्तर वृद्धिसँग जोडिएको कार्यक्रम हो । बेपबेब कार्यक्रम अन्तर्गत शुरूमै छात्रालाई निःशुल्क साइकल वितरण अभियान थालनी गरियो । निःशुल्क साइकल वितरण अभियानलाई यसका लाभकर्ता/सरोकारवाला र स्थानीयले कसरी बुझेका छन् भन्नेबारे अबका खण्डमा व्याख्या गरिएको छ ।

## साइकल वितरण अभियान खोतल्दा

छात्राहरूलाई निःशुल्क साइकल वितरणको उद्देश्य किशोरीहरूलाई माध्यमिक तह सम्मको शिक्षा पूरा गर्न उत्साहित गर्नु हो । मधेश प्रदेश सरकारले यो कार्यक्रममा युनिसेफसँग सहकार्य गरेको छ (स्यामुअल र घिमिरे सन् २०२१) । अलि वृहत्तर तहमा साइकल वितरणको उद्देश्य किशोरीहरूलाई सशक्तीकरण गर्नु हो ताकि उनीहरू नियमित विद्यालय

जान सकून्, आत्मनिर्भर बन्न सकून् र उनीहरूमा आत्मविश्वास जागृत होस् ।[९] निःशुल्क साइकल वितरण अभियानको उद्देश्य उनीहरूको बुवा र दाजुभाइ सँगको निर्भरतामा कमी ल्याउनु पनि हो । साथै, छात्राले विद्यालय छाड्नुको एउटा कारण विद्यालय र घर बीचको दुरी टाढा हुनु पनि हो । साधरणतया गाउँ/टोलमा प्राथमिक/आधारभूत तहसम्म पढाइ हुने विद्यालयहरू उपलब्ध हुन्छन् । माध्यमिक तह अध्ययन गर्न भने धेरैलाई टाढासम्म धाउनुपर्ने हुन्छ । विद्यालय र घर बीचको यो दुरीका कारण धेरै छात्राहरू आधारभूत तह उत्तीर्ण गरेपछि माध्यमिक तह पढ्न पाउँदैनन् ।

विद्यालय टाढा हुनाले अभिभावकहरू सुरक्षाको कारण देखाई छोरीहरूलाई विद्यालय पठाउन चाहँदैनन् । घरबाटै विद्यालय पठाउँदा आउन जान धेरै समय लाग्ने र विद्यालय नजिकै डेरा लिएर छोरीलाई राख्न पनि सुरक्षाको दृष्टिकोणले उपयुक्त नहुने अभिभावकको सोचाइ हुन्छ । डेरा लिएर राख्दा हुने थप व्ययभार त छँदैछ । यो समस्यालाई मध्यनजर गरेर बेपबेब कार्यक्रमले छानिएका सार्वजनिक विद्यालयमा कक्षा आठमा अध्ययनरत सबै छात्राहरूलाई निःशुल्क साइकल प्रदान गरिरहेको छ ।[१०] साइकलले विद्यालय र घरको दुरी कम गर्न र किशोरीहरूको विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहित गर्ने विश्वासमा यो अभियान शुरू गरिएको हो । छात्राहरूको विद्यालय शिक्षा नियमित गराउने उद्देश्य राखेको यो अभियानले सार्वजनिक विद्यालयमा कक्षा आठमा अध्ययनरत हरेक छात्रालाई समेट्ने प्रयास गरेको छ ।

निःशुल्क साइकल वितरणको निश्चित् प्रक्रिया छ (हेर्नुहोस्, मधेश प्रदेश सरकार २०७७) । शुरूमा विद्यालयले कक्षा आठमा पढिरहेका हरेक छात्राहरूको जन्म दर्ता, आमा वा बुबाको नागरिकताको प्रतिलिपि र दुईप्रति पासपोर्ट साइजको फोटो जम्मा गर्दछ । त्यसपछि, यी छात्राहरूको भर्ना, उपस्थिति विवरण र जन्म दर्ता प्रमाणपत्र सहितको सूची

[९] सन् १८०० को अन्तिमतिर भएको साइकलको आविष्कारदेखि नै साइकल महिलाको सशक्तीकरणसँग जोडिएको छ । पुरुषको लागि साइकल घुमफिर र मनोरञ्जनको नयाँ साधन बन्न पुगेको थियो, जबकि महिलाको लागि यो कामकाजी र जीवनको नयाँ आयाम बनेको थियो (कुमार सन् २०१३) ।

[१०] *“मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ” अभियान कार्यक्रम सञ्चालन निर्देशिका, २०७७* ले भनेको छ, “...माध्यमिक तह (विशेष गरी कक्षा ८) मा अध्ययन गर्ने छात्राहरूलाई क्रमशः साइकल वितरण गरिने छ” (मधेश प्रदेश सरकार २०७७ : १) । अध्ययन गरिएको जुद्ध माविमा भने कक्षा ९ का छात्रालाई साइकल वितरण गरिएको पाइयो । मधेश प्रदेशका सबै माध्यमिक विद्यालय सिद्धान्ततः यो कार्यक्रमका लागि योग्य भए पनि कार्यक्रम कसले पाउने भन्ने कुरामा दुई “फ्याक्टर”—राजनीतिक पहुँच, विद्यालयको सामाजिक सांस्कृतिक पूँजी आदि—ले काम गरेको देखिन्छ ।

विद्यालयले मधेश प्रदेश, मुख्यमन्त्री कार्यालय पठाउँछ । साइकल प्राप्त गर्न जन्म दर्ता प्रमाणपत्र अनिवार्य कागजात हो । यसरी प्राप्त भएको कागजातलाई मुख्यमन्त्री कार्यालयमा रुजु गरिन्छ र योग्य भए-नभएको निश्चित गरिन्छ । वितरणका लागि आवश्यक साइकल मुख्यमन्त्री कार्यालयले खरिद गर्दछ । र, यसरी खरिद गरिएको साइकल विद्यालय मार्फत वितरण गरिन्छ । मुख्यमन्त्री कार्यालयबाट साइकल प्राप्त गरेपछि विद्यालयहरूले आवश्यक तयारी गर्नुपर्छ र अभिभावकको उपस्थितिमा छात्राहरूलाई साइकल प्रदान गर्नुपर्छ । साइकल एक पटक मात्र प्रदान गरिन्छ । साइकल मर्मतको लागि भने कुनै पनि स्रोत उपलब्ध गराइएको छैन । साइकल वितरणको तथ्यांक मुख्यमन्त्री कार्यालय र विद्यालय दुवैतर्फ राखिन्छ ।

बेपबेब कार्यक्रमको लागि आवश्यक ऐन र नियमावलीहरू सन् २०१८ मा नै तर्जुमा गरिएको थियो । सन् २०१९ मा मानव संसाधनको व्यवस्थापन सहित लागु गरियो । तथापि जुद्ध माविले सन् २०२१ मा मात्र साइकल प्राप्त गऱ्यो । यो विद्यालयले सन् २०२० मा साइकलको लागि पहिलो पटक आवेदन दियो । तर, कोभिड-१९ महामारीका कारण उक्त वर्ष पूरै कार्यक्रम स्थगित भयो । सन् २०२१ मा पनि साइकल प्राप्तिको लागि विद्यालयले प्रयास जारी राख्यो । मुख्यमन्त्री कार्यालयका अनुसार सन् २०२१ मा विभिन्न विद्यालय मार्फत ३१ हजार साइकल छात्राहरूलाई वितरण गरिएको थियो । जसमध्ये जुद्ध माध्यमिक विद्यालयले ११९ ओटा साइकलका लागि निवेदन दिएकोमा ९७ ओटा साइकल प्राप्त गऱ्यो भने २२ जना छात्राले साइकल पाउन सकेनन् । प्राथमिक तहदेखि नै सोही विद्यालयमा पढिरहेका भए पनि उनीहरूसँग जन्म दर्ताको प्रमाणपत्र नभएकाले साइकल पाउन "अयोग्य" ठहरिए । सो विद्यालयका प्रधानाध्यापकले भने :

> विद्यालयसँग उनीहरूको भर्ना र नियमित कक्षा उपस्थितिको प्रमाण छ । तर पनि जन्म दर्ता प्रमाणपत्र नभएको कारणले उनीहरू साइकल प्राप्त गर्नबाट वञ्चित भए । प्रदेश सरकारको यो नियमको कारण मैले चाहेर पनि सहयोग गर्न सक्दिन । तर, मलाई लाग्छ विद्यालय भर्ना र विद्यालय उपस्थिति विवरण साइकल प्राप्त गर्नको लागि यथेष्ट प्रमाण हो ।

साइकल प्राप्त गर्ने अवसरबाट वञ्चित छात्राहरूमा साइकल नपाएकोमा निकै ठूलो असन्तुष्टि छाएको छ । उनीहरूले यसलाई आफू प्रतिको विभेदका रूपमा लिएका छन् । साइकल प्राप्त गर्ने अवसरबाट वञ्चित एक छात्रा सपना[११] भन्छिन् :

[११] यो लेखमा सबै छात्रालाई छद्म नाम दिइएको छ ।

> जन्म दर्ता प्रमाणपत्र नभएकै कारण साइकल नदिने विद्यालयको निर्णयबाट हामी खुसी छैनौँ । हामी सानो कक्षादेखि यही विद्यालयमा पढिरहेका छौँ । यो कुरा विद्यालयलाई राम्ररी थाहा छ । हाम्रो उपस्थिति (हाजिरी) जाँच्न सक्नुहुन्छ । विद्यालयमा हामी नियमित उपस्थित भइरहेका छौँ । तर पनि हामीले साइकल पाएनौँ । साइकल पाउन, छात्रवृत्ति र अन्य अवसर पाउनको लागि बोर्डिङबाट आएर कक्षा आठमा भर्ना भएकाहरूले पनि जन्म दर्ता भएकैले पाए तर हामीले पाएनौँ । यो अन्याय हो ।

निःशुल्क साइकल वितरण अभियानले कक्षा आठमा अध्ययनरत छात्राहरूलाई मात्र साइकल वितरण गर्ने उद्देश्य राखेको थियो । तथापि, यो अध्ययनका क्रममा कुराकानी गरिएका केही उत्तरदाताले निःशुल्क साइकल अभियानको दायरा फराकिलो पार्नुपर्ने धारणा राखेका थिए । साथै, उनीहरूमध्ये केहीले कक्षा आठको सट्टा कक्षा छ लाई साइकल वितरणको आधार लिनुपर्ने तर्क गरेका थिए । केही उत्तरदाताले भने उच्च मावि तह (११ र १२) मा अध्ययनरत छात्रालाई समेत यो अभियानले समेट्नुपर्ने बताए । यस्तो विचार राख्नेहरूका अनुसार कक्षा आठलाई मात्र समेट्दा धेरै छात्राहरू छुटेका छन्, जसका कारण दीर्घकालमा विद्यालय छाड्ने दर घटाउने मूल उद्देश्यमा यो कार्यक्रमले सफलता पाउने छैन । र, छात्रालाई उच्च मावि तहसम्म अध्ययन गराउने कार्यक्रमको लक्ष्य पूरा गर्न पनि कठिन हुनेछ ।

छोरीहरूको बिहेको लागि भए पनि अभिभावकहरू १० कक्षासम्म पढाउन तयार भएका देखिन्छन् तर त्योभन्दा माथिल्लो तहमा छोरी पढाउन उनीहरू हत्तपति अग्रसर हुँदैनन् । यसै कारण उच्च माध्यमिक तहसम्म छोरीहरूलाई नियमित गराउन पनि बेपबेब अभियानले अभिभावकलाई प्रत्साहित गर्नुपर्ने भन्ने केही सहभागीको धारणा थियो । उनीहरूका अनुसार साइकल वितरण अभियानलाई उच्च मावि तहसम्म विस्तार गर्दा उक्त तहमा पढ्न उनीहरूलाई हौसला मिल्छ । अध्ययनमा संलग्न छात्राहरूका अनुसार कार्यक्रमले छात्राहरूको संख्या र विद्यालय शिक्षा निरन्तरतालाई मात्र ध्यान नदिई शिक्षाको गुणस्तर वृद्धि गर्न पनि जोड दिनुपर्छ ।

अभियानबाट लाभान्वित एक सहभागी छात्रा भन्छिन्, “बेपबेब कार्यक्रम निकै राम्रो छ । व्यक्तिगत रूपमा मलाई निकै मन पऱ्यो यो कार्यक्रम ।” यद्यपि, कार्यक्रमबारे उनका केही प्रश्न समेत थिए, “के कार्यक्रमको उद्देश्य छात्रालाई निःशुल्क साइकल वितरण गर्नु र विद्यालय निरन्तरताको लागि उत्साहित गर्नु मात्र हो ? सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्न ध्यान दिनुपर्दैन ?” यी प्रश्न गर्नु पछाडिका केही कारण समेत उनले खुलाएकी थिइन् । उनले भनिन् :

> हाम्रो विद्यालयमा पर्याप्त शिक्षक छैनन् । एउटै कक्षामा धेरै विद्यार्थीहरू खाँदिएका छन् । शिक्षकले विद्यार्थीसँग गर्ने व्यवहार पनि साह्रै अनौपचारिक छ । मैले भन्न खोजेको—शैक्षिक वातावरण खासै राम्रो छैन । म अंग्रेजी माध्यममा पढाइ हुने भनेर भर्ना भएँ तर कुनै पनि शिक्षकले अंग्रेजी माध्यममा पढाउनुहुन्न । पाठ्यपुस्तक अंग्रेजीमा छ तर नेपाली माध्यममा पढाइ हुन्छ । अंग्रेजी माध्यम भनिएको र नेपाली माध्यममा पढाउनुमा खासै फरक छैन । दुवैतिर उही शिक्षकहरूले पढाउनुहुन्छ ।

स्मरणीय के छ भने, अध्ययनमा समेटिएका केही उत्तरदाताले मात्र साइकल वितरण अभियान बेपबेब कार्यक्रम अन्तर्गत हो भन्ने थाहा पाएका थिए । अधिकांश अभिभावक र विद्यार्थीलाई साइकल वितरण अभियान प्रदेश सरकारको कार्यक्रम हो भन्नेबारे जानकारी थिएन । यतिसम्म कि साइकल कहाँबाट आएको हो भन्ने समेत उनीहरूलाई थाहा थिएन । अध्ययनका क्रममा कुराकानी गरेका केहीले विद्यालयले नै साइकल उपलब्ध गराएको भनेका थिए । केहीले भने साइकल पालिकाले प्रदान गरेको भने । विद्यालयका प्रअले जन्म दर्ता प्रमाणपत्र, बुवा वा आमाको नागरिकताको प्रमाणपत्र, दुई प्रति पासपोर्ट साइजको फोटो लगायतका आवश्यक कागजात उपलब्ध गराएपछि साइकल पाउने जानकारी उनीहरूलाई गराएका रहेछन् । उनीहरूले त्यसै अनुसार गरे । केही छात्राहरूले साइकल प्राप्त गर्ने दिन नगरप्रमुखबाट थाहा पाएको बताए ।

उनीहरूमध्ये केहीले भने यो अभियान भारतको "बेटी बचाउ बेटी पढाउ" कार्यक्रमबाट प्रभावित भएको बुझेका थिए । कुराकानी गरिएका उत्तरदातामध्ये केहीले यो (भारतका प्रधानमन्त्री नरेन्द्र) मोदी सरकारको कार्यक्रम हो समेत भने । यो कार्यक्रमलाई केवल साइकल वितरणमा मात्र सीमित नराखी भारतमा झैँ विद्यालय पोसाक, किताब, नास्ता, खाद्यान्न वा छात्राको थप अध्ययनलाई मद्दत गर्ने छात्रवृत्तिहरूमा विस्तार गर्नुपर्ने विचार समेत उनीहरू राखेका थिए । गुणस्तरका हिसाबले कमसल साइकल प्रदान गरेकोमा भने उनीहरूले विद्यालयसँग बेखुस देखिन्थे । साथै, साइकल वितरणबारे विद्यालय/शिक्षकले राम्रो जानकारी नगराएको गुनासो समेत केही उत्तरदाताको थियो ।

अभिभावक, समुदायका सदस्य र विद्यालयका शिक्षक सबैले साइकल छात्राहरूलाई पढाइप्रति उत्साहित गराउने प्रमुख माध्यम भएको स्वीकारे । विद्यालयका प्रअका अनुसार, "साइकल वितरण अभियानले अभिभावकहरूलाई आफ्ना छोरीहरूलाई नियमित विद्यालय पठाउन उत्साहित गरेको छ । आधारभूत तह र कक्षा छ र सातमा पनि छोरीहरूलाई पढाउने दरमा वृद्धि भएको छ । तल्ला कक्षाका छात्राहरूलाई यदि उनीहरू नियमित पढे भने पछि साइकल पाउनेछन् भनी उत्साहित गराएका छन् ।" आफ्ना छोरीहरू आत्मविश्वास सहित एक्लै विद्यालय गइरहँदा अभिभावकहरू निकै हर्षित देखिन्थे । र, साइकल वितरण

अभियानले छात्राहरूलाई हेर्ने नजर नै बदलेको आभाष हुन्छ । एक ७० वर्षीया वृद्धाले सुनाइन् :

> घरको पिँढीमा बसेर म स्कूलको ड्रेस लगाएका थुप्रै केटीहरू साइकल चढेर स्कूल गइरहेको देख्छु । मेरो लागि यो एकदमै नयाँ हो । साइकल चढेर उनीहरू स्कूल गइरहेको कस्तो राम्रो देखिन्छ । तिनीहरू कत्ति छिटो जान्छन् । छिनभरमै स्कूल पुग्छन् । समय फेरिएको छ ।

यी वृद्धाले भने झैँ, साइकलले किशोरीहरूको गतिशीलता बढाएको छ । र, यसै कारण अहिले उनीहरू गाउँ बाहिर पढ्न जान सकेका छन् । बेपबेब कार्यक्रमसँग सम्बन्धित उच्च तहका अधिकारीहरूले कुराकानीका क्रममा साइकल वितरण अभियान मार्फत प्रदेश सरकार शिक्षामा रहेको लैंगिक विभेद अन्त्य गर्दै छात्राको शिक्षाको अधिकार सुनिश्चित गर्न चाहन्छ भनेका थिए । साथै, अभियान मार्फत समाजमा छोरीलाई घरमै कैद गर्ने होइन विद्यालय पठाउने हो भन्ने सन्देश प्रवाह गर्न चाहेको कुरामा उनले बारम्बार जोड दिएका थिए । उनीहरूले भने झैँ साइकल वितरण अभियानले छात्राहरूको जीवनमा महत्त्वपूर्ण अर्थ बोक्छ । अर्थात्, यो अभियानले छात्राहरूलाई शिक्षित र आत्मनिर्भर बनाउन चाहन्छ र अवसर पाएको खण्डमा छोरीहरू पनि छोराभन्दा केही फरक छैनन् भन्ने सन्देश प्रवाह गर्न चाहन्छ । अभियानले किशोरीहरूमा पारेको प्रभावबारे बुँदागत रूपमा तल चर्चा गरिएको छ ।

### *बाटोमा लाग्ने समय बचत हुँदा पढाइलाई थप समय उपलब्ध*

साइकल वितरण अभियानले गर्दा छात्राहरू सजिलो गरी समयमा विद्यालय पुग्न सकेकोले उनीहरू अतिरिक्त कक्षामा पनि सहभागी हुन पाएका छन् । वास्तवमा, मैले कुराकानी गरेका लगभग सबै छात्राहरू विद्यालयको नियमित कक्षाका साथै अतिरिक्त कक्षा पनि लिइरहेका थिए । समयको बचतले उनीहरूका लागि दुवै (नियमित र अतिरिक्त) कक्षा सम्भव भएको मैले अवलोकनबाट पनि थाहा पाएँ । विशेष गरी धेरै टाढा गाउँबाट सदरमुकाम आउने छात्राहरूको लागि साइकल निकै उपयोगी साबित भएको थियो । साइकल भएकै कारण उनीहरू समयमा विद्यालय जान र फर्कन मात्र होइन बिहान र बेलुका हुने अतिरिक्त कक्षा लिन समेत पाएका थिए ।

गौरबाट अलिक टाढा बन्जरहाबाट आउने छात्राहरूको एक समूहले साइकल उनीहरूको लागि निकै उपयोगी भएको अनुभव सुनाए ।[१२] साइकल पाउनुभन्दा अघि उनीहरू यो

[१२] बन्जरहा र गौरमा रहेको विद्यालयको दुरी लगभग ६ किलोमिटर छ । बन्जरहाबाट विद्यालय पुग्न हिँडेर जाँदा करिब एक घण्टा लाग्छ ।

दुरी हिँडेरै आउजाउ गर्नुपर्थ्यो । बन्जरहामा प्राथमिक तहको एक सार्वजनिक र एक निजी विद्यालय मात्र छ । त्यसैले, गाउँका छात्राहरू प्रावि तह पूरा गरेपछि सदरमुकामसम्म धाएर माथिल्लो तहको पढाइलाई निरन्तरता दिनुपर्थ्यो, नभए पढाइ त्यहीँ टुंग्याउनुपर्थ्यो । अध्ययन क्रममा म साइकल वितरण अभियानबाट लाभ पाएका र नपाएका दुवै थरी छात्राहरूको घर पुगेँ । गाउँको बाटो निकै अप्ठ्यारो : खाल्डाखुल्डी, धुलाम्य र अस्तव्यस्त छ । तराईको चर्को घाम र वर्षाको समयमा घरबाट सदरमुकामको विद्यालय पुग्नु कति कठिन छ भन्ने मैले एक दिनमै महसुस गरेँ । विद्यालयबाट उनीहरूसँगै घर फर्कने क्रममा छात्राहरूले घर फर्कन ढिलो हुने कारणले अपराह्नको अतिरिक्त कक्षा लिन नसकेको मलाई बताए । धेरैले घरको कामधन्दा सकेर यति लामो बाटो हिँडेर पढ्न जानु पर्दाको कठिनाइ सुनाए । विशेष गरेर महिनावारीको समयमा यति लामो बाटो हिँडेर पार गर्नु किशोरीहरूका लागि झनै कठिन हुन्छ । त्यसैले, उक्त समयमा उनीहरू ३–४ दिन विद्यालयमा गयल हुन्थे । तिनका अनुसार प्रगतिको मुख्य बाधक नै विद्यालय सम्मको लामो दुरीको यात्रा हो । अभियानबाट लाभप्राप्त छात्राहरूलाई भने साइकलले धेरै नै सजिलो गराएको छ । अहिले उनीहरू घरको कामधन्दा भ्याएर पनि समयमा विद्यालय पुग्न सकेका छन् ।[१३] महिनावारीको समयमा पनि विद्यालयमा गयल हुनु परेको छैन । ढिलो घर पुगिने चिन्ता नलिई उनीहरू अहिले अपराह्नको अतिरिक्त कक्षा लिन सकेका छन् ।

रौतहटको सदरमुकाम गौरबाट करिब ४ किलोमिटर (कि.मि.) टाढा मुडलवाबाट आउने प्रीति साहको कथा पनि उस्तै छ । उनका अनुसार टाढाबाट सदरमुकामको विद्यालय आउने छात्राहरूको लागि साइकल झनै उपयोगी छ । आफ्नो अनुभव उनी यसरी बताउँछिन् :

> साइकलले साँच्चै मजस्ता केटीहरूलाई निकै सजिलो गराएको छ । मलाई पहिला जहिल्यै समयमा विद्यालय पुग्ने र घर फर्कने चिन्ता हुन्थ्यो । हामी प्रायः विद्यालयको प्रार्थनामा पुग्न सक्दैनथ्यौँ । ढिलो विद्यालय पुग्दा मलाई जहिल्यै तनाव हुन्थ्यो । तर, अहिले मलाई आनन्द छ । टाढाबाट आउने अरू केटीहरू पनि अहिले समयमा नै विद्यालय आइपुग्छन् । हामीले विद्यालयपछि पनि ट्यूशन

[१३] साइकलले छात्राहरूलाई खेलकुद प्रतियोगितामा समेत सहभागी हुनलाई उत्साहित गरेको छ । उदाहरणका लागि विद्यालयमा आयोजना हुने खेलकुद प्रतियोगितामा "साइकल रेस" पनि आयोजना हुन्छ । पहिले साइकल रेस प्रतियोगितामा सहभागी हुने छात्राको संख्या निकै कम हुन्थ्यो । कारण पहिले आफ्नो साइकल भएका छात्राहरू नै कम हुन्थे । र, साइकल नभएकाले गर्दा छात्राहरूको "अभ्यास" कम हुन्थ्यो । त्यसैले, उनीहरू प्रतियोगितामा भाग लिन अप्ठ्यारो मान्थे । बेपबेब कार्यक्रम अन्तर्गत छात्राहरूले साइकल प्राप्त गर्न थालेपछि स्कूलमा साइकल रेसमा सहभागी हुन उनीहरूबीच होडबाजी शुरू भएको छ ।

> [अतिरिक्त कक्षा] पढ्छौँ। पहिला हामी पढ्दैनथ्यौँ। अहिले हाम्रो आफ्नै साधन छ र यसले हाम्रो समय बचाएको छ।

जाम्बियामा स्कूले छात्रालाई साइकल वितरण गर्दा उनीहरूको शैक्षिक सुधार हुनुका साथै उनीहरूले सुरक्षाको अनुभूति गरेको एक अध्ययनले देखाएको छ (हेर्नुहोस्, फियाला र अरू सन् २०२२)। त्यसै गरी, भारतमा स्कूले छात्राहरूलाई साइकल वितरण गर्दा छात्राहरूको भर्ना दर बढेको मुरलीधरण र प्रकाश (सन् २०१७) को अध्ययनले पनि बताउँछ। साइकलले विद्यालय र घरको दुरी कम गरेर छात्राहरूको भर्ना दरमा वृद्धि गर्न सहयोग पुर्‍याएको यी दुवै अध्ययनको निष्कर्ष छ। यी अध्ययनका निचोड जस्तै मधेश प्रदेशको सन्दर्भमा समेत निःशुल्क साइकल वितरणले स्कूले छात्राहरूको शैक्षिक विस्तारमा थप सहयोग पुगेको देखिन्छ।

### *आत्मविश्वास, आत्मनिर्भर र स्वतन्त्रताको अनुभूति*

साइकल अभियानले छात्राहरूमा आत्मविश्वास, आत्मनिर्भर र स्वतन्त्रताको अनुभूति गराएको छ। यसले गाउँबाट शहर आउने छात्राहरूमा आफ्ना दाजुभाइ, बुबा र स्थानीय अटोरिक्सा प्रतिको निर्भरता मात्र घटाएको छैन कि उनीहरूको सामाजिक गतिशीलता र स्वतन्त्रता समेत वृद्धि गरेको छ। सदरमुकाममा रहेको स्कूलबाट करिब ६ कि.मि. टाढा बरमपुरीबाट आउने रानी सिंहले आफ्नो कथा यसरी सुनाइन् :

> घर र विद्यालयको दुरी नै मलाई तनाव दिने कारण थियो, किनभने म जहिल्यै कक्षामा १५–२० मिनेट ढिलो पुग्थेँ। कहिलेकाहीँ बुबाले छोडिदिनुहुन्थ्यो भने कहिलेकाहीँ म अटोरिक्सामा जानुपर्थ्यो। मैले धेरै पटक विद्यालयको प्रार्थना सभा छुटाएकी छु। अटोरिक्सा पनि भरपर्दो साधन होइन, किनभने त्यो सदरमुकाम आउने यात्रुले भरिएपछि मात्र हिँड्छ र कहिलेकाहीँ मैले लामो समय पर्खनुपरेको छ। त्यो साँच्चै निकै दिक्कलाग्दो हुन्थ्यो।

लामो बाटो पार गरेर आउने अन्य छात्राहरूको पनि सिंहको जस्तै अनुभव छ। सदरमुकामबाट ६ कि.मि. टाढा बन्जरहाबाट सदरमुकाम आउने छात्राहरूले उनीहरू पहिला हिँडेर आउनुपर्दाको कष्टप्रद अनुभव बताए। कहिलेकाहीँ उनीहरू अन्य छात्राहरूसँग आधा बाटो साइकलमा आउँथे भने कहिलेकाहीँ पैसा तिरेर अटोरिक्सा प्रयोग गर्थे। अहिले भने अटोरिक्साको भाडा तिर्दा बेहोर्नुपर्ने खर्च पनि कटौती भएको छ। साइकलले उनीहरूलाई नियमित विद्यालय आउन मात्र मद्दत गरेको छैन, सृजनशील बनाउन र अप्ठ्यारा परिस्थितिको

सामना गर्ने क्षमता पनि बढाएको देखिन्छ । एक शिक्षकले सुनाएको एउटा घटना अनुसार खेल्ने क्रममा चोट लागी घाइते भएकी एक साथीलाई उनका सहपाठीहरूले साइकलमै राखेर अस्पताल लगे र आवश्यक उपचार गरी फर्के । आफ्नी साथीलाई चोट लागे पश्चात् विद्यालयका प्रअलाई जानकारी गराउने र सहयोगको अपेक्षा गर्नेतिर नलागी छिट्टै अस्पताल पुऱ्याउने निर्णय त्यति बेला उनीहरूले लिन सके ।

मैले कुराकानी गरेका धेरै छात्राहरूमा आफ्नै साइकल भएकोले बुबा वा दाजुभाइको साइकल चलाउनु नपरेकोमा आत्मसन्तुष्टि मिलेको देखियो । "मेरो पनि आफ्नो केही त छ नि" भन्ने गौरवानुभुति साइकलले उनीहरूलाई दिएको थियो । स्कूलकी एक छात्रा अंशुले परिवारमा आफ्नै साइकल भएको अनुभवलाई निकै खुसी र गर्वका साथ बताइन्, "मेरो बुबा र दाइलाई मेरो साइकल केही कामको लागि आवश्यक पर्दा मलाई सोधेर मात्र लैजान सक्नुहुन्छ, मसँग साइकल नभएको भए यो कुरा कल्पना पनि गर्न सक्दिनथेँ ।" अर्की छात्रा नेहाले भनिन् :

> हो ! मलाई पनि यस्तै लाग्छ । पहिला मेरो दाइको मात्र साइकल थियो । उहाँले मलाई छुन पनि दिनुहुन्थेन । मैले कति पटक आमाबुबालाई साइकल किन्दिन भनेँ । तर, तपाईँलाई थाहै छ, छोराले मात्र त [साइकल] पाउँछ । अहिले मैले विद्यालयबाट साइकल पाएँ । यो मेरो सम्पत्ति हो । यसमा मेरो घरका कसैको पनि हक लाग्दैन ।

घरभित्र छोराको मात्र पक्षपोषण गर्ने प्रवृत्तिले समाजमा लैंगिक विभेद झनै बढाउँछ । धेरै अभिभावकहरू आफ्ना छोरालाई सकेसम्म अवसर दिलाउन चाहन्छन् । छोरालाई निजी विद्यालय र छोरीलाई सार्वजनिक विद्यालयमा पढाउँछन् । अन्तर्वार्तामा सहभागीहरूका अनुसार आखिरमा बिहे गरेर अर्काको घरमा जाने छोरीहरूको लागि लगानी गर्नुको औचित्य खासै छैन भन्ने सोच व्याप्त छ । तर, बेपबेब कार्यक्रमले समाजमा छोरीहरूको पनि उत्तिकै महत्त्व छ भन्ने बोध गराएको छ । धेरै उत्तरदाताहरू यो अभियानको प्रभाव छात्राहरूलाई स्वतन्त्रता र आत्मनिर्भरताको अनुभूति गराउनु र विद्यालय नियमित गर्नु मात्र नभई त्योभन्दा दीर्घकालीन रहेको विश्वास गर्छन् । अन्तर्वार्तामा सहभागीहरूका अनुसार साइकल उनीहरूको सम्पत्ति बनेको छ । यसले उनीहरू शिक्षित भएपछि आफ्नो निर्णय आफै लिन सक्नेछन् र बिहेमा दाइजो खोज्ने केटालाई अस्वीकार गर्ने अवस्थामा पुग्न सक्छन् । सारमा, साइकलले उनीहरूको आत्मविश्वास र आत्मस्वाभिमान वृद्धि गरेको छ र स्वामित्वको भावना जागृत गरेको छ ।

### *सुरक्षाको अनुभूति*

छात्राहरू साइकलमा यात्रा गर्दा सुरक्षित महसुस गरेको पाइयो । विद्यालय जाँदा आउँदा बाटोमा भोग्नुपर्ने दुर्व्यवहारबाट जोगिन पनि साइकल सहयोगी बनेको छ । स्कूले छात्रा आशिका अन्सारीले भनिन् :

> गल्लीका केटाहरूले मलाई जिस्काउने गर्छन् । उनीहरू मेरो हिजाब[१४] बारे कुरा काट्थे र घरसम्मै पिछा गर्थे । साइकल भएपछि म उनीहरूको खराब शब्दहरू सुन्न नपरी चाँडै बाटो काट्न सक्छु । पछि मेरा बहिनीहरू पनि सँगै विद्यालय आउन जान थालेका छन् । मेरा अरू साथीहरूको पनि यस्तै कथा छन् । अहिले उनीहरू सुरक्षित महसुस गर्छन् । साइकल भएपछि बा-आमाले पनि चिन्ता मान्नुहुन्न । उहाँहरूलाई लाग्छ, हामीसँग साइकल छ त्यसैले हामी सजिलै आउन जान सक्छौँ ।

कुराकानी गरिएका अरू केही छात्राहरूले पनि यस्तै अनुभव सुनाए । कक्षाका साथीहरूले स्कूल आउँदा-जाँदा विशेष गरी बाटा/गल्लीहरूमा नियमित भोग्ने दुर्व्यवहारहरू सुनाए तर अहिले साइकल भएकोले बिनादुर्व्यवहार यस्ता गल्लीहरू सजिलै काट्न सकेको बताएका थिए । विगतमा बाटामा हुने दुर्व्यवहारको घटना आमाबुबालाई बताएको अवस्थामा विद्यालय नपठाउने डरले भन्न नसकेको समेत केही छात्राहरूले सुनाए । सुरक्षा खतरा महसुस भए अभिभावकहरूले छात्राको पढाइलाई बीचैमा रोक्नसक्ने सम्भावना बढ्छ । त्यसै गरी, जाडो याममा दिन छोटा हुन्छन् र लगभग साढे पाँच बजेतिर नै अँध्यारो हुन थाल्छ । अहिले साइकल भएकाले छात्राहरू उज्यालैमा घर पुग्न सकेका छन् ।

### *परिवारलाई घरधन्दामा सहयोग*

साइकलले छात्राहरूको अध्ययनमा मात्र सहयोग गरेको छैन, घरधन्दामा पनि सजिलो गराएको छ । ग्रामीण क्षेत्रका धेरै अभिभावकहरूले छात्राको विद्यालय अध्ययनमा रोकावट आउनुको एउटा कारण घरायसी कामका लागि उनीहरू खट्नुपर्छ भनी बताएका थिए । परिवारमा आमापछि घर भित्रका धन्दा सम्हाल्ने जिम्मा छोरीको हुन्छ । पितृसत्तात्मक समाजमा छोराले घरधन्दा गर्नुलाई खासै रुचाइँदैन । र, घरदेखि विद्यालय बीचको दुरीले पार्ने प्रभाव केटाहरूको भन्दा केटीहरूको जीवनमा बढी हुन्छ (मुरलीधरण र प्रकाश सन् २०१७) । छात्राहरूले कुराकानीका क्रममा घरधन्दा, खेतीपाती र गाईवस्तु स्याहार्न आमालाई सहयोग गर्ने गरेको बताएका थिए । खाना पकाउने, सरसफाइको काम गर्ने र लत्ता कपडा धुने जस्ता नियमित काम मात्र होइन आफूले उत्पादन गरेका चिजबिज

[१४] मुस्लिम छात्राले टाउकामा लगाउने एक प्रकारको पोशाक ।

(तरकारी, सब्जी र दुध) घरघर या नजिकैको बजारमा पुऱ्याउने जस्ता "बाहिरी" काम पनि उनीहरूका भागमा पर्छ । यी सबै कामधन्दाले गर्दा उनीहरूलाई विद्यालय समयमा पुग्न सम्भव हुँदैन । उनीहरूसँग साइकल भएपछि उनीहरूलाई घरधन्दा भ्याएर पनि समयमा नै विद्यालय पुग्न सजिलो भएको छ ।

छात्राहरूको माध्यमिक तहको शिक्षा नियमित गर्ने उद्देश्यले थालनी गरिएको साइकल वितरणको प्रभावहरू अहिले देखिइरहेका छन् । पितृसत्तात्मक समाजमा छात्राहरूको गतिशीलता वृद्धि गर्न साइकल एउटा माध्यम बनेको छ । परिवारमा पुरुष सदस्यले मात्र गर्नसक्ने ठानिएका कार्यहरू जस्तै, अन्नको बोरा बोक्न, ग्यास सिलेण्डर ल्याउन, तरकारी वा अन्य सरसामान किन्न बजार जान, आदि समेत साइकल भएकै कारण छोरीहरूले शुरू गरेका छन् । यस्ता काममा सरिक हुँदा छोरीहरूले बाहिरी संसारसँग साक्षात्कार गर्ने मौका पाएका छन् । यसले एकतर्फ उनीहरूले घर बाहिरको वातावरण पनि अनुभव गर्न पाएका छन् भने अर्कोतर्फ घर व्यवहारको जिम्मेवारी पनि पाएकोले छुट्टै गौरवको अनुभूति गर्दैछन् । समग्रमा साइकलले उनीहरूलाई बिहानीको घाम र साँझको शीतल महसुस गराएको छ । क्षितिजमा डुब्दो घाम हेर्दै धुलो उडिरहेको बाटोमा पाइडल मार्दै मन्द बताससँग रमाउने अवसर दिएको छ । र, साइकल जीवनको फरक पाटो चियाउने बलियो माध्यम बनेको छ । साइकलको गुडेको चक्काले उनीहरूलाई जीवनरूपी रंगमञ्चको नयाँ-नयाँ क्षेत्रमा पुऱ्याइरहेको छ ।

## कार्यक्रमका चुनौती

आवश्यक नीतिगत तयारीसाथ सन् २०१८ मा शुरू भएको बेपबेब कार्यक्रम २०१९ बाट लागु गर्ने भनियो । विभिन्न प्रशासनिक र अन्य कारणले गर्दा कार्यक्रमको गति सोचेजति चाँडो भएन । सन् २०१९ को अन्त्य र सन् २०२० को शुरूबाटै विद्यालयहरू कोभिड-१९ को वैश्विक महामारीबाट निकै प्रभावित भए ।[१५] यो अभियान पनि सोचेको समयमा अगाडि बढ्न सकेन । त्यसैले, अध्ययनमा छानिएको जुद्ध माध्यमिक विद्यालयले सन् २०२१ मा मात्र साइकल प्राप्त गऱ्यो । विद्यालयले सन् २०२० मा नै वितरण गरिने साइकलका लागि मुख्यमन्त्री कार्यालयमा आवेदन दिएको थियो । तर, महामारीका कारण उक्त अवधिभरि कार्यक्रम स्थगित गरियो । सन् २०२१ मा पनि विद्यालयले यो अभियान अन्तर्गत आफ्ना छात्राहरूलाई लाभान्वित गराउन पहल गरिरह्यो ।

कार्यक्रममा विद्यालय सहभागी हुने प्रक्रिया निकै महँगो, समय खाने र अव्यवस्थित भएको विद्यालयका प्रअले बताएका थिए । अनेकौँ पटक जनकपुर पुग्दा पनि विद्यालयले

[१५] कोभिड-१९ ले नेपालको विद्यालय शिक्षामा पारेको प्रभावबारे विस्तृत जानकारीका लागि मोक्तान र उप्रेती (२०७८) हेर्नुहोस् ।

पहिलो चरणमा साइकल पाएन । त्यसपछि उनीहरूले राजनीतिक सम्पर्क प्रयोग गर्न थाले । त्यसका लागि उनीहरूले बेपबेबका जिल्ला निर्देशक मार्फत भनसुन गर्न लगाए । उनीहरूले रौतहट जिल्ला भ्रमणमा आएका बेलामा प्रदेश कृषि मन्त्रीसँग पनि सहयोगको याचना गरे । त्यस्तै जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसदहरूसँग पनि हारगुहार गरे । उनीहरूका अनुसार बलियो राजनीतिक सम्बन्धको अभावमा विद्यालय यो अभियानमा सहभागी हुन निकै कठिन छ ।

"न्यून गुणस्तर" को साइकल वितरणले यो अभियानप्रति केहीले शंका/दुखेसो समेत गरेका थिए । अध्ययनका क्रममा कुराकानी गरेका एक तिहाईभन्दा बढी (करिब ३५ प्रतिशत) उत्तरदाताले साइकलको गुणस्तरको विषयमा असन्तुष्टि पोखेका थिए । केहीले एक हप्ताभित्र र अझ केहीले त साइकल प्राप्त गरेको दिनैमा साइकल बिग्रेको बताए । एक-दुई जनाले शुरूमै टोकरी भाँचिएको र केही पार्टपुर्जा नभएको साइकल प्राप्त गरेको सुनाए । केही समय चलाएर मर्मत नगरी साइकल यत्तिकै थन्क्याउने पनि भेटिए भने धेरैले मर्मत गर्दै प्रयोग गरिरहेको बताए । लाभग्राही मध्येकी एक छात्रा अनिशाले साइकल पाएको दुई दिनमै बिग्रिएको—"टोकरी भाँचियो, चेन टुट्यो, टायर पड्कियो र पुर्जामा पनि समस्या आएर दिक्कलाग्दो आवाज निकालिरहेको"—बताएकी थिइन् । साइकलको गुणस्तरबारे अर्की एक छात्राले यसो भनिन् :

> साइकल पाएकै हप्ता चार-पाँच सय रुपियाँ टायरका लागि खर्च गरेँ र चेनका लागि तीन सयभन्दा धेरै खर्च गरेँ । हरेक २-३ दिनमा साइकलको लागि मैले ३० देखि ५० रुपियाँ खर्च गर्नुपर्छ । हामीले यो खर्च धान्न सक्दैनौँ । यसले हाम्रो समय पनि खाइरहेको छ । यो निकै दिक्कलाग्दो भएपछि मैले बुबालाई भनेँ । हामीले त्यो साइकल बेचिदियौँ र केही पैसा थपेर अर्को किन्यौँ ।

विद्यालयकी छात्रा सोनिया गुप्ताले साइकलको न्यून गुणस्तरबारे प्रअसँग पनि गुनासो गरेकी थिइन् । प्रअले पनि उनलाई सरकारी अनुदानहरू प्रायः यस्तै हुने बताए । साथै, उनले त्यो साइकल बेचेर नयाँ किन्न सुझाए ।[१६] विद्यालयकी अर्की छात्रा अनिशाकी आमाले पनि साइकलको गुणस्तरबारे प्रअसँग गुनासो गर्ने सोचेकी छिन् । उनी अभिभावक भेलामा यो विषय उठाउँला भनी बसेकी छिन् । टाढाबाट सदरमुकाम आउने कैयौँ छात्राहरूको साइकल बिग्रिएका कारण उनीहरू पुरानै अवस्थामा फर्किएका छन् । उनीहरूको लागि फेरि पैदल नै विद्यालय आउनु बाहेक अर्को विकल्प छैन । फेरि उनीहरूको विद्यालय अनियमित हुने

[१६] यसरी अनुदानमा पाएको साइकल उनीहरूले बेच्न मिल्ने हो कि होइन भन्नेबारे कार्यक्रम निर्देशिकामा केही उल्लेख गरेको देखिदैन ।

दर बढेको देखिन्छ । छात्राहरूको भाषामा, छात्राहरूलाई शिक्षाको लागि उत्साहित गर्ने कार्यक्रम साइकलको न्यून गुणस्तरको कारणले असफल हुँदै गइरहेको छ । र, दुःखको कुरा छात्रा शिक्षाको नाममा यो केवल एक पटकका लागि देखावटी मात्र साबित हुने हो कि भन्ने चिन्ता व्याप्त छ । साइकल मर्मतको लागि पनि कुनै सुविधा दिनेबारे सोचिएको देखिँदैन ।[१७] वितरण गरिने साइकलको गुणस्तरमा ध्यान नदिने र मर्मतका लागि सरकारी तवरबाट कुनै सुविधा वा सहुलियत नदिने हो भने ठूलो आशा जगाउँदै शुरू भएको यो कार्यक्रम छिट्टै निराशामा परिणत नहोला भन्न सकिन्न ।

## निष्कर्ष

साइकल वितरण अभियान मधेश प्रदेश सरकारले अंगीकार गरेको प्रस्ट दृश्यमा आउने विकास कार्यक्रम हो । यो अभियानले छात्राहरूको नयाँ पहिचान र व्यक्तित्व सिर्जना गरेको छ । गौरको गल्लीहरूमा साइकल चढेर विद्यालय गइरहेका छात्राहरूको लस्कर साँच्चै नै रहरलाग्दो दृश्य हो । दुर्गम गाउँहरूबाट आएर सदरमुकामका व्यस्त सडक र भिडभाडमा साइकलको पाइडल चलाइरहेका छात्राहरूको अनुहारमा आत्मविश्वास झल्किरहेको देखिन्छ । अभियानले ल्याएको यो प्रस्ट दृश्यात्मक परिवर्तन हो । व्यक्तिगत रूपमा मलाई यो दृश्यले गहिरो स्पर्श गर्‍यो, किनभने मेरा स्कूले दिनमा यस्तो दृश्य दुर्लभ थियो । मलाई सम्झना छ त्यति बेला साह्रै कम छात्राहरू मात्र साइकलमा विद्यालय आउँथे । साइकल चढेर पढ्न स्कूलमा गइरहेका छात्राहरूको ताँती लोभलाग्दो देखिन्थ्यो ।

मधेश प्रदेश सरकारले यो कार्यक्रम छात्राहरूको माध्यमिक विद्यालय शिक्षा नियमित गराउने उद्देश्यले शुरू गरेको हो । प्रशासनिक झमेला र साइकलको गुणस्तरलाई एक छिन बिर्सने हो भने मैले अध्ययन गरेको विद्यालयमा छात्राको शैक्षिक विकासका लागि यो अभियान महत्त्वपूर्ण साबित भएको छ । साइकलका कारण टाढाको दुरीमा रहेका छात्राहरू विद्यालय आउन-जान सहज भएको छ । साइकलले छात्राहरूको भर्ना दर र कक्षा उपस्थिति दरमा समेत सकारात्मक प्रभाव पारेको देखिन्छ । समग्रमा यो अभियानले छात्राको सामाजिक गतिशीलतामा उल्लेखनीय वृद्धि गरेको छ । पितृसत्ताको जरा गाडिएको मधेशी समाजमा साइकल वितरण जस्ता अभियानले निरन्तरता पाउने हो भने किशोरीहरूको सशक्तीकरणका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा संरचनात्मक समस्याहरू रहेको विषय सरोकारवाला सँगको छलफलबाट उजागर हुन्छ । कमजोर सुशासन, अनावश्यक प्रशासनिक झमेला र राजनीतिक खिचातानीका कारण पनि कार्यक्रमको प्रभावकारितामा कमी आउने

[१७] अध्ययनका क्रममा छात्राहरूले साइकल "मर्मत कार्ड" र सो कार्डका आधारमा सस्तोमा साइकल मर्मत हुने व्यवस्था गर्न सकिने विषय उठाएका थिए ।

सम्भावना देखिन्छ । उसै पनि मधेश प्रदेश अन्य प्रदेशको तुलनामा नागरिकलाई सेवा प्रदान गर्ने विषयमा कमजोर छ । त्यसै गरी, आर्थिक, सामाजिक, मानव विकास, शैक्षिक र शासनका सूचकहरूमा पनि मधेश प्रदेश अन्य प्रदेशको तुलनामा कमजोर छ । यी र यस्तै कारणहरूले समेत बेपबेब जस्तो सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनमा समस्या देखिएको हुनसक्छ ।

नीति-निर्माणको पक्षबाट हेर्दा केही निश्चित समयावधिमा अभियानलाई पुनरावलोकन गरिनु जरुरी छ । साइकल प्राप्त गर्ने विधिलाई पनि सहज बनाउन आवश्यक छ ताकि अभियानका दौरानमा छुटेकाहरू समेटिन सकून् र अभियानको उद्देश्य हासिल होस् । उदाहरणका लागि, जन्म दर्ता प्रमाणपत्रलाई अनिवार्य नगराई विद्यालयबाट विद्यार्थीको भर्ना र उपस्थिति विवरण सहितको सिफारिसलाई आधार बनाउन सकिन्छ । त्यसै गरी, अभियानको क्षेत्र फराकिलो बनाउँदै ६ देखि ११ कक्षा सम्मका छात्राहरूलाई समेट्दा छात्राको माध्यमिक र उच्च माध्यमिक तहको अध्ययन निरन्तर गर्ने उद्देश्य हासिल हुनसक्छ । महत्त्वपूर्ण पक्ष, कार्यक्रममा विद्यार्थी र अभिभावकलाई पनि समेट्नु जरुरी छ जसले गर्दा उनीहरू कार्यक्रम र यसको बृहत्तर उद्देश्यहरू मनन गर्न सकून् र कार्यक्रमको प्रभाव व्यापक बनोस् ।

प्रदेशका सम्पूर्ण सार्वजनिक विद्यालयमा अभियान लागु नभइसकेकोले विद्यालय भर्ना दर, उपस्थिति दर र विद्यालय छाड्ने दरमा समग्र प्रभाव कस्तो पऱ्यो भनेर निष्कर्षमा पुग्न हतारो हुनेछ । त्यसका लागि विस्तृत अध्ययन आवश्यक छ । फेरि, साइकल खरिदमा अनियमितता भएको आरोप लागेपछि विगत डेढ वर्षदेखि साइकल वितरण अभियान स्थगित छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बेपबेबको कार्यान्वयन क्रममा भएका अनियमितता विरुद्ध विशेष अदालतमा मुद्दा समेत हालेको अवस्था छ । साइकल खरिदमा अनियमितता भएको विषयमा व्यापक आलोचना भए पनि अभियानका सकारात्मक प्रभावहरूलाई भने नकार्न सकिँदैन । साइकल वितरणमा कुनै अनियमितता वा भ्रष्टाचार भएको हो भने त्यसको निक्र्योल गरी दोषीउपर कारवाही हुनुपर्छ नै, तर अनियमितता भयो भन्ने कारण देखाई एउटा असल कार्यक्रम रोकिने अवस्था आयो भने चाहिँ दु:खद् हुन जान्छ । व्यक्तिले गरेको दोषको कारणले कार्यक्रम स्थगित हुनु मनासिव हुँदैन । त्यसैले, नकारात्मक पक्षमा सुधार ल्याएर यस कार्यक्रमले बोकेको असल अभिप्रायलाई समातेर अघि बढ्नुको विकल्प छैन ।

बेपबेब कार्यक्रमलाई संघीयताको एउटा सकारात्मक प्रभावको रूपमा स्वीकार्न सकिन्छ । संघीयताकै कारणले आफ्नो क्षेत्रको आवश्यकताका आधारमा प्रदेश सरकारले यस्तो कार्यक्रम चयन गर्न सक्यो । यस प्रकारको कार्यक्रम संघीय सरकारबाटै लागु हुन नसक्ने होइन तर समग्र देशको प्राथमिकतामा यो नपर्न पनि सक्थ्यो । त्यसैले पनि यसलाई

संघीयताको उपलब्धिको रूपमा लिनु अनुचित नहोला । मधेश प्रदेशमा जुनसुकै राजनीतिक दलको सरकार बने पनि छात्राहरूको शैक्षिक उन्नतिका लागि यस्ता कार्यक्रमले निरन्तरता पाउनु जायज ठहरिन्छ ।

## धन्यवाद

अध्ययनको लागि अनुमति दिनुभएकोमा जुद्ध माध्यमिक विद्यालयप्रति आभारी छु । अनुसन्धानको क्रममा आफ्नो महत्त्वपूर्ण समय उपलब्ध गराइदिनुहुने सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय बासिन्दालाई र प्रधानाध्यापक चन्द्रेश्वर राउतप्रति अत्यन्त आभारी छु । यस अध्ययन र लेखनका क्रममा निरन्तर मार्ग निर्देशन गर्नुहुने देवेन्द्र उप्रेती र सोहन प्रसाद साहप्रति कृतज्ञता ज्ञापन गर्दछु । लेखनको क्रममा सल्लाह सुझाव दिनुहुने त्रिभुवन विश्वविद्यालय, मानवशास्त्र केन्द्रीय विभागका जनक राई र विनोद पोखरेलप्रति कृतज्ञ छु । अंग्रेजीमा तयार पारिएको अनुसन्धान पत्र नेपालीमा अनुवाद गर्नुहुने रामचन्द्र श्रेष्ठ र सम्पादन गर्नुहुने देवराज हुमागाईंलाई विशेष धन्यवाद दिन्छु ।

## सन्दर्भ सामग्री

अन्नपूर्ण पोस्ट । २०७९ । 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रममा १० करोड बढी भ्रष्टाचार । साउन १८ । https://annapurnapost.com/news/lalbabu-raut-209892 मा उपलब्ध; पुस २२, २०७९ मा हेरिएको ।

कान्तिपुर । २०७८ । 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रममा भएको अनियमितता के हो ? असोज १३ । https://ekantipur.com/news/2021/09/29/163290655376057972.html मा उपलब्ध; पुस २२, २०७९ मा हेरिएको ।

केतवि (केन्द्रीय तथ्यांक विभाग) । २०७८ । *राष्ट्रिय जनगणना, २०७८ प्रारम्भिक नतिजा* । काठमाडौँ : केतवि ।

देव, रमण । २०७८ । प्रदेश २ को मुख्यमन्त्री कार्यालयमा अख्तियारको छापा । *अनलाइनखबर*, असोज १३ । www.onlinekhabar.com/2021/09/1019933 मा उपलब्ध; पुस २८, २०७९ मा हेरिएको ।

नेपाल सरकार । २०७७ । *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५ : प्रतिवेदन* । काठमाडौँ : शिक्षाका लागि राष्ट्रिय अभियान (एनसीई नेपाल) ।

नेराबैं (नेपाल राष्ट्र बैंक) । २०७५ । *नेपालको जनसांख्यिक, सामाजिक, आर्थिक तथा वित्तीय स्थिति (प्रदेशगत प्रोफाइल)* । काठमाडौँ : नेराबैं ।

मधेश प्रदेश सरकार । २०७६ । *"मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियान कार्यक्रम सञ्चालन निर्देशिका, २०७६* । जनकपुर : मधेश प्रदेश सरकार ।

मधेश प्रदेश सरकार । २०७७ ।*"मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" अभियान कार्यक्रम सञ्चालन निर्देशिका,* २०७७ । जनकपुर : मधेश प्रदेश सरकार ।

महतो, गोविन्द । २०७८ । 'बेटी पढाऊ, बेटी बचाऊ' अभियानको साइकल खरिदमा अनियमितता । *अन्नपूर्ण पोस्ट*, कात्तिक २९ । https://annapurnapost.com/news/bettii-pddhaauu-bettii-bcaauuabhiyaanko-saaikl-khridmaa-aniymittaa-190071 मा उपलब्ध; पुस २७, २०७९ मा हेरिएको ।

मोक्तान, सन्जिला र देवेन्द्र उप्रेती । २०७८ । *कोभिड-१९ महामारीमा विद्यालय शिक्षा : अनुसन्धान प्रतिवेदन* । काठमाडौँ : मार्टिन चौतारी ।

रमण, वीरेन्द्र । २०७८ । 'बेटी बचाउ बेटी पढाउ' कार्यक्रममा अनियमितता भएको अख्तियारको प्रारम्भिक ठहर । www.himalkhabar.com/news/126629 मा उपलब्ध; पुस २२, २०७९ मा हेरिएको ।

सेतोपाटी । २०७९ । 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रमको साइकल खरिदमा भ्रष्टाचार गरेको आरोपमा ८ जनाविरुद्ध मुद्दा । साउन १८ । www.setopati.com/politics/278674 मा उपलब्ध; पुस २२, २०७९ मा हेरिएको ।

Agnihotri, Rashmi Rani and KS Malipatil. 2018. A Study on Brief Information about Beti Bachao Beti Padhao Scheme. *International Journal of Current Research* 10(1): 64287–64291.

Ahearn, Luara M. 2004. *Invitation to Love: Literacy, Love Letters and Social Change in Nepal*. Kathmandu: Adarsh Books.

CBS (Central Bureau of Statistics). 2020. *Nepal Multiple Indicator Cluster Survey 2019, Survey Findings Report*. Kathmandu, Nepal: CBS and UNICEF Nepal.

Fiala, Nathan, Ana Garcia-Hernandez, Kritika Narula and Nishith Prakash. 2022. Wheels of Change: Transforming Girls' Lives with Bicycles. IZA Discussion Paper No. 15076. Available at https://papers.ssrn.com/sol3/papers.cfm?abstract_id=4114622; accessed January 11, 2023.

Kharel, Pranab, eds. 2022. *Reading Nepali Transition (2006–2015)*. Kathmandu: Martin Chautari.

Kumar, Satish. 2013. Silent Revolution in Bihar and Women's Empowerment. *Mainstream Weekly* 51(12). Available at www.mainstreamweekly.net/article4044.html; accessed January 9, 2023.

Mahato, Sanjaya, Rupesh Kumar Sah and Dogendra Tumsa. 2021. Governance of Social Protection in Nepal: The Case of the 249 Chief Minister Beti Padhau, Beti Bachau Campaign of Province 2. In *Resilient Social Protection for an Inclusive Development*. Deepak Thapa, Nyima Dorjee Bhotia, Binay Jung Thapa, Vibhav Pradhan, Shalini Gupta and Manesh Shrestha, eds. pp., 249–270. Kathmandu: Social Science Baha.

Muralidharan, Karthik and Nishith Prakash. 2017. Cycling to School: Increasing Secondary School Enrollment for Girls in India. *American Economic Journal: Applied Economics* 9(3): 321–350.

NPC (National Planning Commission Nepal). 2021. *Nepal Multidimensional Poverty Index: Analysis Towards Action*. Kathmandu: NPC.

NPC and UNDP (United Nations Development Programme). 2020. *Nepal Human Development Report 2020 Beyond Graduation: Productive Transformation and Prosperity*. Kathmandu: NPC and UNDP.

Samuels, Fiona and Anita Ghimire. 2021. Preventing School Dropout and Early Marriage in Nepal: Review and Scoping of the Beti Padhau Beti Bachau (BPBB) and the Bank Khata Chhoriko Suraksha Jivan Variko (BKCSJV) Programmes (Provincial Girls Insurance/Girl Baby Bond schemes). Available at https://odi.org/en/publications/preventing-school-dropout-and-early-marriage-in-nepal; accessed January 10, 2023.

UNDP. 2020. *National Human Development Report 2020: Nepal: Beyond Graduation: Productive Transformation and Prosperity*. New York: UNDP.